नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

श्री सबै कम्पनीहरु,

## OCR सिस्टममा नँया online फारमहरु थप भएको सूचना

उपरोक्त सम्बन्धमा कम्पनीहरुले कार्यालयको online Application मार्फत शेयर खरिद/विक्री गर्न प्रयोग गरिने इभेन्ट "शेयर खरिद विक्री वा जगेडा शेयर विक्री र मृत्युपछिको शेयर नामसारी(शेयर लगत)" बाट आवश्यक सम्पुर्ण कागजात मात्र upload गर्दै आएकोमा, हाल शेयर विक्री गर्दा हुने पूंजीगत लाभ कर र लगानीकर्तालाई लाभांश वितरण गर्दा हुने लाभांश कर सम्बन्धी विवरण भर्नका लागि Capital gain tax तथा Dividend gain tax प्रकार छुट्याई भर्न मिल्ने गरी व्यवस्था गरिएको छ।

साथै कम्पनी खारेजीको सम्बन्धमा, कम्पनी ऐन २०६३ का दफा १२६: स्वेच्छिक खारेजी, दफा १३६ को उप-दफा(१): दर्ता खारेजी, दफा१३६कः विशेष व्यवस्था र दफा १५८: विदेशी कम्पनीहरुको शाखा कार्यालय खारेजी/लिक्वीडेशन गर्न सिस्टममा उल्लेखित खारेजीको प्रकार छुट्याने option "कम्पनी खारेजी" इभेन्टभित्र थपिएको हुँदा आवश्यक कागजातका साथै कार्यालयमा यस प्रकारका इभेन्टबाट कागजात पठाँउदा उक्त विवरण अनिवार्य रुपमा भरी पठाउनहुन अनुरोध छ।

रजिष्ट्रार
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ
२०७४/१२/०९